**August 31, 2026**

**सुरुमा मुख्य समाचार** ***(UNDERPLAY)***

१. प्रधानमन्त्री आजदेखि किर्गिस्तानको दुई दिने भ्रमणमा

२. सरकारद्वारा **सेमिकन टू प्वाइन्ट ओ** योजना अधिसूचित

३. नेपालमा, मृत्यु हुनेको संख्या पुग्यो - **नौ सय तीन**

४. **अमेरिका** द्वारा इरानी सैन्य अड्डाहरूमा आक्रमण, र

५. आज **महिला टी-ट्वेन्टी एसिया कपको** खेलमा **बंगलादेशले गर्नेछ इन्डोनेसिया**-को सामना

**अब समाचार विस्तारमा...**

**PM-Bishkek**

प्रधानमन्त्री नरेन्द्र मोदीले किर्गिस्तानको दुई दिने भ्रमणको पहिलो दिन आज, **बिश्केकमा 'भारतका मित्रहरू'** सँग अन्तरक्रिया गर्नुभयो। यस अवसरमा, भारतसँग विभिन्न क्षेत्रमा काम गर्ने चार प्रतिनिधिमण्डलहरू उपस्थित थिए। प्रधानमन्त्रीले आज बिश्केकमा **एस.सी.ओ शिखर सम्मेलन**-को छेउमा **इस्लामिक गणतन्त्र इरानका राष्ट्रपति डा. मसूद पेजेश्कियान**-सँग द्विपक्षीय भेटवार्ता गर्नुभयो। यसपछि, उहाँले **किर्गिस्तान गणतन्त्रका राष्ट्रपति सदिर झापारोभ**-सँग पनि भेट गर्नुभयो। यसअघि, उहाँले बिश्केकमा **आर्मेनियाका प्रधानमन्त्री निकोल पशिन्यान**-लाई भेट्नुभयो। प्रधानमन्त्री मोदीले भोलि, किर्गिस्तानको भ्रमणको दोस्रो तथा अन्तिम दिन, सांघाई सहयोग संगठनको **छब्बीसौं** शिखर सम्मेलनलाई सम्बोधन गर्नुहुनेछ।

**Indo-German summit**

द्विपक्षीय सहयोगलाई सुदृढ पार्न र वातावरण अनि जलवायु परिवर्तनमा बहु-सरोकारवालाहरूको आदानप्रदानलाई सहज बनाउन **चौथो इन्डो-जर्मन वातावरणीय मञ्च** भोलि नयाँ दिल्लीमा आयोजना हुनेछ। **केन्द्रीय वातावरण, वन तथा जलवायु परिवर्तन मन्त्री भूपेन्द्र यादवले, जर्मनीका वातावरण, जलवायु मन्त्री कार्स्टेन स्नाइडर** सँग मिलेर मञ्चको सह-अध्यक्षता गर्नुहुनेछ। दुवै पक्षले द्विपक्षीय सहयोगलाई अझ सुदृढ पार्न, अनुभव आदानप्रदान गर्न र व्यावहारिक सहकार्यलाई अगाडि बढाउन वातावरण संरक्षण र जलवायु नीतिसँग सम्बन्धित प्रमुख मुद्दाहरूमा छलफल गर्नेछन्।

**Semicon 2.0**

सरकारले आज देशमा चिप उत्पादन प्रणालीलाई बढावा दिन **एक लाख सत्ताइस हजार करोड** रुपैयाँको लगानी भएको **सेमिकन टू प्वाइन्ट ओ** योजनालाई अधिसूचित गरेको छ। **केन्द्रीय इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्री अश्विनी वष्णिवले**, यससँगै आगामी वर्षहरूमा भारतले विश्वव्यापी सेमीकन्डक्टर उद्योग बजारको लगभग **दस प्रतिशत** हिस्सा ओगट्न सक्ने र विश्वव्यापी सेमीकन्डक्टर मूल्य शृङ्खलामा धेरै ठूलो भूमिका खेल्ने अपेक्षा गरिएको बताउनुभयो। उहाँले, सरकारको ध्यान वेफर निर्माणदेखि चिप उत्पादनसम्म, देशलाई विश्वव्यापी सेमीकन्डक्टर मूल्य शृङ्खलामा दृढतापूर्वक सम्मिलित गर्नेतर्फ रहेको बताउनुभयो।

**Prez-NIFT**

राष्ट्रपति द्रौपदी मुर्मुले आज राष्ट्रिय फेसन प्रविधि संस्थानको दीक्षान्त समारोहलाई सम्बोधन गर्नुभयो। उहाँले कपडा र पोशाक क्षेत्र भारतको सांस्कृतिक सम्पदाको एक महत्त्वपूर्ण भाग मात्र नभई लाखौं मानिसहरूलाई जीविकोपार्जन पनि प्रदान गर्दछ भन्नुभयो। राष्ट्रपतिले विद्यार्थीहरूलाई देशको समृद्ध सांस्कृतिक सम्पदा र मूल्यमान्यताको जड राखेर, विश्वव्यापी दृष्टिकोण अपनाउन आह्वान गर्नुभयो। उहाँले फेसन उद्योगमा महिलाको बढ्दो भूमिकालाई जोड दिँदै कार्यक्रममा उपस्थित लगभग चार हजार विद्यार्थीहरूमध्ये लगभग **पचासी** प्रतिशत महिला रहेको बताउनुभयो। राष्ट्रपतिले **दुई हजार सरचालीस** सम्ममा विकसित भारतको दृष्टिकोणमा योगदान दिनका साथै युवाहरूलाई केवल रोजगार खोज्ने मात्र नभई अरूका लागि रोजगारी प्रदायक बन्न र रोजगारीका अवसरहरू सिर्जना गर्न आह्वान गर्नुभयो।

**समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ।**

**Nepal flood**

नेपालमा, गत हप्ताको विनाशकारी बाढी र पहिरोबाट मृत्यु हुनेको संख्या **नौ सय तीन** पुगेको छ भने **चार हजार दुई सय सरचालीस** भन्दा बढी व्यक्ति अझै फेला परेका छैनन्। उद्धारकर्ताहरूले नेपालका सबै आठ प्रभावित जिल्लाहरूबाट शवहरू निकालेका छन् भने बेपत्ता भएकाहरूको खोजी र अलपत्र परेकाहरूको अझै उद्धार गर्दैछन्। यसैबीच, लगभग **छ** जलविद्युत परियोजनाहरूमा कम्तिमा **नौ सय तेंतीस** कामदार फसेको जानकारी गराइएको छ। भारत र अन्य विज्ञहरूको समर्थनमा उद्धार टोलीहरूले **त्रिशूली-तीन ए** सहित अन्य अवरुद्ध जलविद्युत सुरुङहरू खोजिरहेका छन्। तिब्बतमा, मृत्यु हुनेको संख्या हाल **सोह्र** पुगेको छ, जसमध्ये **पाँच सय छयालिस** जना बेपत्ता भएको रिपोर्ट गरिएको छ। **नेपालका प्रधानमन्त्री बालेन्द्र शाहले** बाढीलाई "अभूतपूर्व र विनाशकारी प्राकृतिक प्रकोप" भन्नुभएको छ। उद्धार कार्यमा लगभग **एक्काइस हजार** सुरक्षाकर्मीहरू संलग्न छन्। **रेडक्रसले नब्बे हजार** भन्दा बढी मानिसहरू प्रभावित भएको अनुमान गरेको छ भने शवहरू उद्धार र पहिचान गर्ने काम अझै जारी छ।

## West Bengal Ganga-Padma

पश्चिम बंगाल सरकारले डिसेम्बरमा म्याद सकिने बंगलादेशसँगको **तीस वर्षे गंगा-पद्मा जल सम्झौता** नवीकरण गर्नअघि केन्द्रलाई राज्यको हितको रक्षा गर्न आग्रह गरेको छ। राज्यले **फरक्का** हुँदै **हुगली**को जलयात्रा कायम राख्न र **कोलकाताको श्यामाप्रसाद मुखर्जी बन्दरगाह**मा ढुवानी सञ्चालनलाई सुरक्षित राख्न सुख्खा मौसम-मा पर्याप्त प्रवाहको आवश्यकतामा जोड दिएको छ। पश्चिम बंगाल सरकारले **मालदा, मुर्शिदाबाद र नादिया**-मा नदी किनारको कटान, सिल्टेसन र बाढीको बारेमा पनि चिन्ता व्यक्त गरेको छ। राज्यले नयाँ सम्झौतामा वातावरणीय संरक्षण र भविष्यमा पानीको आवश्यकतालाई प्राथमिकता दिएको छ भने **भारत-बंगलादेश संयुक्त नदी आयोग** मार्फत विस्तृत छलफलको लागि पनि आह्वान गरेको छ।

## US-Iran attack

**संयुक्त राज्य अमेरिका**ले हिजो राति **होर्मुजको जलडमरूको लाराक टापु**मा इरानी सैन्य अड्डाहरूमा आक्रमण गरेको छ। अमेरिकी सेनाले, **इरानको इस्लामिक रिभोलुसनरी गार्ड कोर्प्स- IRGC** का सेनाले होर्मुजको जलडमरूमा समुद्री खानी बोकेका रकेटहरू प्रहार गर्ने तयारी गरिरहेको देखेपछि उनीहरूले लाराक टापुमा दुई इरानी लन्चरहरूलाई निशाना बनाएको बताएका छन्।

## IMD

भारतीय मौसम विभागले आज ओडिशा र छत्तीसगढमा अत्यन्तै भारी वर्षाको चेतावनी जारी गरेको छ। **बिहार, पूर्वी उत्तर प्रदेश, उत्तराखण्ड, पूर्वी मध्य प्रदेश, झारखण्ड र सब उत्तरपूर्वी राज्यहरूमा** भोलिसम्म भारी वर्षा हुने अनुमान गरिएको छ। मौसम विभागले **अण्डमान र निकोबार टापुहरू, आन्ध्र प्रदेश, पश्चिम बंगाल, ओडिशा, तमिलनाडु, पुडुचेरी र कराइकलमा** भोलिसम्म मेघगर्जन र चट्याङ पर्ने सम्भावना रहेको बताएको छ। **कर्नाटक, केरला, माहे, लक्षद्वीप, उप-हिमालयी पश्चिम बंगाल, सिक्किम, तेलङ्गाना र मराठवाडाका** केही भागहरूमा पनि यस्तै मौसम अवस्था रहने सम्भावना बताइएको छ।

## Women's Cricket

महिला क्रिकेटमा, आज **दुबईमा महिला टी-ट्वेन्टी एसिया कपको समूह बी** को खेलमा **बंगलादेशले इन्डोनेसिया**-को सामना गर्नेछ। खेल भारतीय समय अनुसार राति **आठ बजे** सुरु हुनेछ।

**अन्तमा मुख्य समाचार पुनः एकपल्ट** ***(UNDERPLAY)***

१. प्रधानमन्त्री आजदेखि किर्गिस्तानको दुई दिने भ्रमणमा

२. सरकारद्वारा **सेमिकन टू प्वाइन्ट ओ** योजना अधिसूचित

३. नेपालमा, मृत्यु हुनेको संख्या पुग्यो - **नौ सय तीन**

४. **अमेरिका** द्वारा इरानी सैन्य अड्डाहरूमा आक्रमण, र

५. आज **महिला टी-ट्वेन्टी एसिया कपको** खेलमा **बंगलादेशले गर्नेछ इन्डोनेसिया**-को सामना

**आकाशवाणीबाट समाचार पूरा भयो।**